सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

<u>फैसला</u>

०७३-NF-००३३

जिल्ला नवलपरासी रूपौलिया गा.वि.स.वडा नं.४ बस्ने नारायण प्रसाद थारु...१ } <u>पुनरावेदक</u> प्रतिवादी

<u>विरुद्ध</u>

जिल्ला नवलपरासी रूपौलिया गा.वि.स.वडा नं.४ बस्ने इन्द्र कुमारी देवी चौधरीको अनुमति प्राप्त हरेन्द्रकुमार चौधरी..........................................१ } <u>प्रत्यर्थी</u> वादी

मुद्दाः निर्णय बदर।

**शुरु तहमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री शेखर चन्द्र अर्याल
नवलपरासी जिल्ला अदालत
**पुनरावेदन तहमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री बलराम विष्ट
पुनरावेदन अदालत बुटवल
**यस अदालत संयुक्त इजलासमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दीपकराज जोशी

**फैसला मितिः २०७२।१२।२३**

न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम यस अदालतको संयुक्त इजलासको मिति २०७२।१२।२३ को फैसला पुनरावलोकन गरी पाउँ भनी प्रतिवादीका तर्फबाट निवेदन दायर भई यस अदालतको पूर्ण इजलासबाट मिति २०७३।१२।४ मा पुनरावलोकनको अनुमति प्रदान भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

१. स्व. बुद्धिराम थारूको छोरा स्व. शङ्कर थारू हुन्। शङ्कर थारूको दुई श्रीमती मध्ये जेठी सोनियादेवी थारू र कान्छी सगुनीदेवी थारू हुन्। जेठी सोनियाबाट जन्मेका छोरा

विपक्षी नारायण प्रसाद थारू हुन्। कान्छी सगुनीदेवी थारूबाट जन्मेको एक मात्र छोरी इन्द्र कुमारी हुन्। इन्द्र कुमारीको २०४२ सालमा तेज नारायण थारूसँग विवाह भएको थियो। शङ्कर थारूको नाउँमा दर्ता रहेको जग्गा निज शङ्कर थारूको मृत्यु पश्चात् मिति २०५५।११।६ गतेको निर्णय अनुसार सगुनीदेवी थारू र नारायण प्रसाद थारूको नाउँमा संयुक्त दर्ता रहेको थियो। सगुनीदेवी थरुनीको मिति २०६३।९।१३ गते मृत्यु भए पश्चात् निज सगुनीदेवीको अपुताली हक इन्द्र कुमारीको हुने हो। सगुनीदेवी थरुनीको हकको जग्गा मेरो नाउँमा छुट्याई दिनुहोस् भनी विपक्षी नारायण थारूसँग आमा इन्द्र कुमारीले अनुरोध गर्दा आलटाल गरी नामसारी गरी दिन इन्कार गर्नु भयो। सोही चोट पीडाका कारण आमा इन्द्र कुमारी मिति २०६३।१२।४ देखि बेपत्ता भएको हुँदा आमा इन्द्र कुमारीको हकमा अनुमति लिई फिराद गर्न आएको छु। विपक्षी नारायण प्रसाद थारूले गा.वि.स.का कर्मचारीसमेतलाई आफ्नो गफलतमा पारी स्व. सगुनी देवीको एक मात्र हकवाला नारायण प्रसाद थारू हुन् भनी जालसाजीपूर्ण तरिकाले गा.वि.स.बाट सरजमिन तथा सिफारिससमेत बनाई संयुक्त दर्तामा रहेको जग्गाहरू आफ्नो नाममा एकलौटी दर्ता गर्ने गरी मालपोत कार्यालयबाट मिति २०६५।५।२ गते जग्गा नामसारीको निर्णय गराएको हुँदा विपक्षी नारायण थारू र स्व.सगुनी देवी थरुनीका नाउँमा संयुक्त दर्ता रहेको जग्गा मध्ये सगुनी देवी थरुनीको हकको हद सम्म मिति २०६५।५।२ गतेको निर्णय बदर गरी पाऊँ भन्नेसमेत अनुमति प्राप्त हरेन्द्रकुमार चौधरीको फिरादपत्र।

२. दा.खा. नामसारी सम्बन्धी कारवाहीको सिलसिलामा सिफारिस गर्ने क्रममा मिति २०६५।३।१ गते भएको सरजमिनमा यी वादीका बाबु तेज नारायण समेत रहे भएको हुँदा सोही बखत नै उक्त सरजमिनको विषयमा थाहा जानकारी रहेको थियो। विपक्षीको आमा इन्द्र कुमारी स्व. सगुनीदेवी थरुनीको विवाह भई सकेकी छोरी हुन्। बाबु शङ्कर थारूको मृत्युपछि निजका नाउँमा दर्ता रहेको जग्गा म नारायण प्रसाद थारू र सगुनी देवीका नाउँमा संयुक्त दर्ता भए पनि हामी बीच रितपूर्वकको अंशबण्डा भएको छैन। स्व. सगुनी देवीले अंशबण्डा गराई आफ्नो अंश हक नछुट्याई हामी एकासगोलमा रहेकै अवस्थामा मृत्यु भएको हो। निजको मृत्यु पश्चात् एका सगोलको हकवालाको हैसियतले सम्पत्तिको हक म प्रतिवादीको हुने भएको र विवाह भई सकेकी छोरी अपुतालीको महल अन्तर्गतको अपुताली पाउने हकवाला समेत नभएको हुँदा मिति २०६५।५।२ गते भएको जग्गा नामसारी सम्बन्धी निर्णय सदर कायम गरी पाऊँ भन्नेसमेत प्रतिउत्तरपत्र।

पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।२।१७ मा भएको फैसला।

८. स्व. सगुनी थारू र नारायण थारूको संयुक्त नाममा दर्ता रहेको सम्पत्तिमा मृतक सगुनी थारूको अंशहक निहित रही रहेको हुँदा सगुनी थारूको मृत्यु हुँदैमा निजको सम्पूर्ण अंश हक समाप्त भएको मान्न मिल्दैन। इन्द्र कुमारी देवी चौधरीको तर्फबाट नारायण प्रसाद थारूसँग अंश भाग माग गरिएको नभई मर्ने सगुनीदेवी थारूको भागको सम्पत्तिको अपुताली हक कायमको लागि दाबी परेको हो। अंश बण्डा नभएको भन्दै तर्कहिन अर्थ गरी दाबी तथा साक्षी सबुद प्रमाणलाई मूल्याङ्कन नगरी भएको फैसला मुलुकी ऐन, अ.बं.१८४क, १८५, प्रमाण ऐन, २०३१ को दफा ५४ प्रतिकूल हुँदा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने पुनरावेदक वादीको यस अदालतमा परेको निवेदनपत्र।

९. यसमा लगाउको दो.मि.नं. ०६८-RI-११७९ को अपुताली हक कायम मुद्दामा दोहोऱ्याउने निस्सा प्रदान भएको सन्दर्भमा प्रस्तुत निवेदनसमेत उक्त मुद्दासँग अन्तर प्रभावी समेत रहेको देखिँदा प्रस्तुत निवेदनमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) अनुसार मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरी दिएको छ। प्रस्तुत निवेदनलाई पुनरावेदनको लगतमा दर्ता गरी विपक्षीहरू समेत झिकाई आएपछि वा अवधि नाघेपछि लगाउका मुद्दाहरू समेत साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७०।२।३१ को आदेश।

१०. यसै लगाउको यिनै पक्ष विपक्ष बीच चलेको ०६९-CI-१२८७ को अपुताली हक कायम मुद्दामा मृतक सगुनीदेवी थारूको अपुताली वादी इन्द्र कुमारी देवी चौधरीले पाउने भनी आजै यसै इजलासबाट फैसलासमेत भएको हुँदा उक्त मुद्दाको अन्तरप्रभावी प्रस्तुत मुद्दामा पनि सो अपुताली हक कायम मुद्दामा उल्लिखित आधार र कारणसमेतका आधारमा मालपोत कार्यालय नवलपरासीको मिति २०६५।५।२ को नामसारी निर्णय बदर नगरी वादी दावी नपुग्ने गरी नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।२।१७ मा भएको फैसला उल्टी भई वादी दाबीका जग्गाहरूबाट वादीको आमा स्व. सगुनी देवी थारूको हक जति आधा जग्गाको हद सम्म मालपोत कार्यालय नवलपरासीको मिति २०६५।५।२ को नामसारी निर्णय समेत बदर हुने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।१२।२३ मा भएको फैसला।

नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको यस अदालतको पूर्ण इजलासबाट मिति २०७३।१२।४ मा भएको आदेश ।

ठहर खण्ड

१३. नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत पुनरावलोकनको निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

१४. निवेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री बालचन्द्र आचार्य र डा.श्री ठकेन्द्र प्रकाश गिरी एवं विद्वान अधिवक्ता श्री भरतमणि शर्माले विपक्षी वादी इन्द्र कुमारीको आमा सगुनी र निजको सौतने छोरा प्रतिवादी नारायण प्रसाद थारू बीच अंशबण्डा भएको भन्ने नदेखिएको र सगुनी देवीको मृत्यु पश्चात् निजको अंश हक समाप्त भएको र वादी विवाहित छोरी भई कानूनतः अपुताली पाउने हकवालासमेत नरहेको अवस्था हुँदा हाम्रा पक्षका नाममा विवादित जग्गा नामसारी गर्ने गरेको मालपोत कार्यालय नवलपरासीको निर्णय कानूनसम्मत भएकोमा शुरु नवलपरासी जिल्ला अदालतबाट वादी दावी नपुग्ने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टि हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासको फैसला कानून विपरित भएकोले उक्त फैसला बदर गरी पुनरावेदन अदालत बुटवलको फैसला सदर कायम हुनुपर्छ भनी वहस प्रस्तुत गर्नु भयो ।

१५. विपक्षी वादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री श्याम प्रसाद खरेल र श्री मिथिलेश कुमार सिंहले स्व.शङ्कर थारूको नामको सम्पत्ति हक खाने निजकी कान्छी श्रीमती वादीको आमा सगुनी देवी र जेठी सोनिया देवी तर्फका एक मात्र छोरा प्रत्यर्थी नारायणप्रसाद थारूका नाममा नामसारी भएको तथ्यमा विवाद छैन। मुलुकी ऐनको एघारौं संशोधनबाट २०७२ सालदेखि अपुतालीको महलको २ नं.मा भएको कानूनी व्यवस्थाबाट अपुतालीका सम्बन्धमा विवाहित र अविवाहित दुबैको समान हक हुने भन्ने सुनिश्चित गरेको र रगतको नाता वादी इन्द्रकुमारीको रहेको पुष्टि भएको र आमा सगुनी देवीको मृत्यु पछि निजको पति र एका उदरबाट जन्मेका अन्य सन्तान एवं नजिकका हकवाला नभएकोमा मृतक सगुनी देवीको भागको विवादित जग्गा दूषित तवरबाट प्रतिवादी नारायण प्रसाद थारुका नाममा नामसारी गर्ने गरेको मालपोत कार्यालय नवलपरासीको निर्णय बदर तर्फको वादी दावी नपुग्ने ठहर गरेको नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टि भई

वादी दावी बमोजिम नामसारी निर्णय बदर हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासको फैसला कानूनसम्मत हुँदा सदर कायम हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नु भयो ।

१६. यसमा मेरो आमा स्व. सगुनी देवी समेतको संयुक्त नाममा दर्ता रहेका जग्गामा रहेको मेरो अपुताली हकपनि प्रतिवादीले नामसारी गरी लिई आमाको हक प्राप्त गर्न पाउने अधिकारबाट मलाई बञ्चित गरेको हुँदा मालपोत कार्यालय नवलपरासीको मिति २०६५।५।२ को नामसारी निर्णय बदर गरी पाऊँ भनी वादीको फिराद दावी र सगुनी देवीको मृत्यु पश्चात् निजको अंश हक समाप्त भएको र वादी विवाहित छोरी भई अपुताली पाउने हकवालासमेत नरहेको समेतबाट मेरा नाममा जग्गा नामसारी गर्ने गरेको मालपोत कार्यालय नवलपरासीको निर्णय कानूनसम्मत हुँदा बदर हुनुपर्ने होइन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिर रहेकोमा वादी दाबी अनुरूप नामसारी निर्णय बदर नहुने गरी नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट फैसला भएको र उक्त फैसला दोहोऱ्याई हेरी पाऊँ भनी वादीको यस अदालतमा निवेदन परी निस्सा प्रदान भई वादी दावी नपुग्ने ठहर गरेको नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टि भई वादी दावी बमोजिम नामसारी निर्णय बदर हुने ठहर गरी यस अदालत संयुक्त इजलासबाट भएको फैसला पुनरावलोकन गरी हेरी पाउँ भनी प्रतिवादी नारायण प्रसाद थारुको निवेदन परेकोमा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकन गर्न अनुमती प्रदान भई निर्णयार्थ पेश हुन आएको देखियो।

१७. उपरोक्तानुसारको तथ्यगत विषय र वहस जिकिर भएको प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? सोही विषयमा निर्णय दिनुपर्ने हुन आयो ।

१८. निर्णयतर्फ विचार गर्दा स्व. सगुनी देवीको एकमात्र छोरी वादी इन्द्र कुमारी देवी चौधरी रहेको र निवेदक प्रतिवादी नारायण प्रसाद थारू सौतेनी छोरा नाताको भएको कुरामा विवाद देखिएन । स्व.शंकर थारुको नाउँ दर्ताको सम्पत्ति निजको शेषपछि सगुनी थरूनी र प्रतिवादी नारायणप्रसाद थारूका नामसारी भई संयुक्त नाममा दर्ता हुन आएका विवादित नवलपरासी रूपैलिया गा.वि.स.वडा नं.४क कि.नं.२८, ४२, ऐ. ४ख कि.नं.३०, ७७, ३४९, ५४१, १५२, २३६, ऐ. ४ग १, ४३, ४८ र ६७७

समेतका जग्गाहरू सगुनी थरूनीको मृत्यु पश्चात् प्रतिवादी नारायणप्रसादले मालपोत कार्यालय नवलपरासीबाट मिति २०६५।५।२ मा सगुनी थरूनीको नजीकको हकवाला भनी आफ्नो नाममा एकलौटी नामसारी गराएको भन्ने निर्णयबाट देखिन्छ। तिनै जग्गाहरु मध्ये स्व.सगुनी देवीको अपुताली हक खाने एकमात्र छोरी म भएकोमा प्रतिवादी नारायण प्रसाद थारुले गराएको नामसारी निर्णय बदर गरी पाउँ भनी वादी इन्द्रकुमारी देवीले फिराद दिएको देखिन्छ।प्रस्तुत मुद्दामा रहेको तथ्यगत र यी वादी प्रतिवादीको पारिवारिक पृष्ठभूमिका सम्बन्धमा विश्लेषणका आधारमा मूल पुरुष शङ्कर थारूको शेषपछि हक खाने व्यक्ति सगुनी देवी र प्रतिवादी नारायणप्रसाद थारू मात्र रहेको भनी मिति २०५५।११।६ मा दुवै जनाको संयुक्त नाममा जग्गा नामसारी भएको देखिन्छ। उक्त सम्पत्ति निजहरुको नाउँमा अंश हकको रोहबाट नामसारी भई गएको भन्ने देखिन्छ। यसरी वास्तविक सम्पत्तिवालाको शेषपछि उक्त सम्पत्तिमा स्वभाविकरुपमा अपुताली परेको र कानूनतः अपुताली हक खाने हकवाला र अंश पाउने सम्बन्धमा फरक फरक व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा संयुक्त दर्तावाला मध्ये सगुनदेवीको मृत्यु भएको र मुलुकी ऐन अपुतालीको २ नं. मा विवाहित छोरीले अपुताली पाउने भन्ने व्यवस्थाका आधारमा यसै लगाउको यिनै पक्ष विपक्ष बीच चलेको ०७३-NF-००३२ को अपुताली हक कायम मुद्दामा वादी दावी नपुग्ने ठहर गरेको नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टि भई वादी दावी बमोजिम विवादित जग्गाको आधासम्ममा वादी इन्द्र कुमारी देवी चौधरीको अपुताली हक कायम हुने ठहर गरी यस अदालत संयुक्त इजलासबाट भएको फैसला सदर हुने ठहर गरी आज यसै इजलासबाट फैसला भएको र उक्त मुद्दामा उल्लेखित बुँदा प्रमाणसमेतका आधारमा मालपोत कार्यालय नवलपरासीको मिति २०६५।५।२ को नामसारी निर्णय बदर तर्फको वादी दावी नपुग्ने भन्ने नवलपरासी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला कानूनसम्मत नदेखिंदा उक्त फैसला उल्टि भई मालपोत कार्यालय नवलपरासीको नामसारी निर्णय बदर हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको फैसला मनासिब नै देखिन आएकोले उक्त फैसला बदर गरी पाउँ भन्ने पुनरावेदन जिकिर तथा निज तर्फका विद्वान कानून व्यवसायीहरुको बहस बुँदासँग सहमत हुन सकिएन ।

१९. तसर्थ, माथि विवेचित आधार र कारणबाट वादी दावी नपुग्ने गरी नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति

२०६८।२।१७ को फैसला उल्टी भई वादी दाबीका जग्गाहरूबाट बादीको आमा स्व. सगुनी देवी थारूको हक जति आधा जग्गाको हदसम्म मालपोत कार्यालय, नवलपरासीको मिति २०६५।५।२ को नामसारी निर्णयसमेत बदर हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०७२।१२।२३ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।---

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृत (उपसचिव) : कुमार मास्के

कम्प्युटर अपरेटर : विनोद कुमार बनिया

इति संवत् २०७६ साल पुस महिना ३ गते रोज ५ शुभम् ....................।